# यसको साथ दौड्नुहोस

एक पृष्ठ

## पुरूष र स्त्रीले एकअर्कालाई कस्तो व्यवहास गर्नुपर्छ?

जसरी तपाईंलाई व्यवहार गरिएको चाहनुहुन्छ! येशुले हामीलाई सुनौलो नियम दिनुभएको छः "जसो मानिसहरूले तिमीहरूसँग गरून् भन्ने तिमीहरू इच्छा गर्दछौ, तिमीहरूले पनि तिनीहरूसँग त्यसै गर।" (लूका ६:३१) येशूले सम्बन्धमा पारस्परिकताको कदर गर्नुहुन्छ! तर, तपाईंलाई अचम्म लाग्न सक्छ, के यस किसिमको स्तरको बारेमा नयाँ करारमा फेरि कहिल्यै उल्लेख भएको छ? अवश्य, दर्जनौं पटक। तल २४ उदाहरणहरू छन्, तर त्यहाँ अझ धेरै छन्!

**मुख्य शब्द**

**ἀλλήλους**

*allelois* = "एक अर्को" वा "एक अर्का"

| | एक–अर्का अवधारणा | बाइबलीय पदहरु |
|---|---|---|
| 1. | एक अर्कालाई **प्रेम गर** | यूहन्ना १३:३४ |
| 2. | एक अर्कालाई **क्षमा गर** | एफिसी ४:३२ |
| 3. | एक अर्कालाई **ग्रहण गर** | रोमी १५:७ |
| 4. | एक अर्कालाई **सहन गर** | एफिसी ४:२ |
| 5. | एक अर्कालाई **आदर गर** | रोमी १२:१० |
| 6. | एक अर्कालाई **अभिवादन गर** | २ कोरिन्थी १३:१२ |
| 7 | एक अर्कालाई **अथिति सत्कार गर** | १ पत्रुस ४:९ |
| 8. | एक अर्काप्रति **दयालु होओ** | एफिसी ४:३२ |
| 9. | एक अर्काको **विरुद्धमा गनगन नगर** | याकूब ५:९ |
| 10. | एक अर्काको **विरुद्धमा खरब कुरा नगर** | याकूब ४:११ |
| 11. | एक अर्काको **सेवा गर** | गलाती ५:१३ |
| 12. | एक अर्काको **भार उठाओ** | गलाती ६:२ |
| 13. | एक अर्कालाई **दह्रिलो पार** | १ थेसलोनिकी ५:११ |
| 14. | एक अर्कालाई **अर्ती देओ** | हिब्रू १३:३ |
| 15. | एक अर्कालाई **सान्त्वना देओ** | १ थेसलोनिकी ४:१८ |
| 16. | एक अर्काको **इन्साफ नगर** | रोमी १४:१३ |
| 17. | एक अर्कालाई **प्रेम र असल कामको निम्ति उत्साहित गरौं** | हिब्रू १०:२४ |
| 19. | एक अर्कालाई **शिक्षा देओ** | रोमी १५:१४ |
| 20. | एक अर्कालाई **नढाँट** | कलस्सी ३:९ |
| 21. | एक अर्कालाई **सिकाओ र अर्ती देओ** | कलस्सी ३:१६ |
| 22. | एक अर्कासँग **पाप स्वीकार गर...प्रार्थना गर** | याकूब ५:१६ |
| 23. | एक अर्कासँग **मिलेर बस** | रोमी १२:१६ |
| 24. | एक अर्काको **अधीनमा बस** | एफिसी ५:२१ |

ग्रीक *allelois* *एल्लेलोइस* को अनुवाद "एक अर्को" वा "एक अर्का" जसले पारस्परिक कार्य, बराबर मनोवृत्ति, वा लिने–दिने स्थितिको अर्थ दिन्छ।

"एक अर्का" सिद्धान्तहरू त्रिएक सम्बन्धहरूमा सबै भन्दा राम्रो देखिन्छ, किनकि तीन व्यक्तिहरूले पूर्णरूपले, पूरा सद्भावमा काम गर्छन्। जबकि पुरुष र स्त्री त्रिएकत्वको नजिक आउन सक्दैनन्, तर हामीले प्रयास गर्नुपर्छ। येशूले भन्नुभयो,

*"म तिनीहरूमा अनि तपाईं ममा, र तिनीहरू **पूर्णरूपले एक होऊन्**, र तपाईंले मलाई पठाउनुभएको हो, अनि मलाई प्रेम गर्नुभए जस्तै तपाईंले तिनीहरूलाई पनि प्रेम गर्नुभयो भनी संसारले जानोस्।" (यूहन्ना १७:२३)*

पुरूष र स्त्री जो एकतामा बस्छन्, उनीहरूले "एक–अर्का" सिद्धान्त प्रदर्शन गर्छन् र यसले "संसारलाई जान्न" दिनेछ ! यो गहिरो सम्बन्ध परमेश्वरको राज्यको एक नम्र हतियार हो!

**यी निर्देशनहरू पुरूष वा स्त्रीलिंगी होइनन्। ती सबै खीष्टका चेलाहरूलाई दिइन्छ।**

### निष्कर्ष

"एक अर्का" सिद्धान्तहरू आत्मिक हतियार हुन्। यी सिद्धान्तहरूको व्यावहारिक प्रयोग विभिन्न संस्कृतिहरूमा फरक देखिन सक्छ। यो सरल प्रकारको पृथ्वी हल्लाउने सम्बन्धले संसारको हरेक धर्मको जगमाथि चुनौती दिन्छ। "एक अर्का" हतियारहरू टिप्नुहोस् र तिनीहरूलाई प्रयोग गर्न सिक्नुहोस्!

**४ महत्वपूर्ण प्रश्नहरू**

⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

www.servingshouldertoshoulder.com